# श्री मैनाघाट सामुदायिक वन उपभोक्ता समूह

**मध्यविन्दु न.पा. वडा नं.१३, नवलपरासी(ब.सु.पू.)**

च.नं.:
पत्र संख्या:

मितिः२०८३/०२/०१

**विषय : सिलवन्दी बोलपत्रद्वारा वन पैदावार (काठ /दाउरा) लिलाम विक्रीको सूचना ।**
**(सौर्य दैनिक पत्रिकामा दोस्रो प्रकाशित मिति २०८३/०१/३१ गते )**

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समुहले आ.व. ०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा रहेका तपसिलका लटहरुको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी सिलवन्दी बोलपत्रद्वारा लिलाम गर्नु पर्ने भएकोले प्रथम पटक यो सूचना प्रकाशित गरिएकोछ । गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम विक्री प्रकृयाका लागी गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका र अन्य काठ दाउराको हकमा वन पैदावारमा आधारित उद्योग संञ्चालन गर्न इजाजत प्राप्त गरी संञ्चालनमा रहेका उद्योगहरुले सौर्य दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयबाट प्रत्येक लटको लागी छुट्टा छुट्टै सिलवन्दी बोलपत्र खरीद गरी १६ औं दिन कार्यालय समयभित्र श्री डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. लिलाम हुने गोलिया काठ/ दाउराको विवरण

| सि.नं. | लट नं. | धाङ नं. | किसिम | जात | ग्रेड | थान | परिमाण (घ.फी.) | न्यूनतम् मूल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/०८२/०८३ | २ | गोलिया | साल | A | ११ | २४४.०४ | ३०५०५०.०० | ८८५२२.४० |
| | | | गोलिया | | B | १५ | १४६.६५ | १३१९८५.०० | |
| | | | गोलिया | | C | ५७ | २४४.९२ | १४६९५२.०० | |
| | | | गोलिया | | D | ११ | १५.२९ | ४५८७.०० | |
| | जम्मा | | | | | ९४ | ६५०.९० | ५८८५७४.०० | ८८५२२.४० |
| | | | | | | | | | |
| २ | २/०८२/०८३ | ३ | गोलिया | साल | A | ७ | ११६.८२ | १४६०२५.०० | ९५२६८.०० |
| | | | गोलिया | | B | ३० | ३११.३२ | २८०१८८.०० | |
| | | | गोलिया | | C | ७५ | २६३.०३ | १५७८१८.०० | |
| | | | गोलिया | | D | ७ | ९.३३ | २७९९.०० | |
| | जम्मा | | | | | ११९ | ७००.५० | ५८६८३०.०० | ९५२६८.०० |

२. यस सूचनाको संक्षिप्त सूचना सौर्य दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र वापत तोकिएको तस्तुर तिरी ( पछि फिर्ता नहुने गरी ) श्री डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयबाट खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्नको लागी प्रोपाइटर आफै उपस्थित नभई प्रतिनीधि पठाएमा प्रोपाइटरको मन्जुरीनामा निवेदनसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । निवेदनसाथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाण-पत्र, फर्म दर्ता प्रमाण-पत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नं., कर चुक्ता, उद्योग सूचीकृतको प्रमाण-पत्रको प्रतिलिपी ) अनिवार्य संलग्न हुनुपर्नेछ ।

३. बोलपत्र खरिद तथा दाखिला मिति :

क) बोलपत्र खरिद मिति : २०८३/०२/१४ गते सम्म । ख) बोलपत्र दाखिला मिति :२०८३/०२/१५ गते कार्यालय समयभित्र ।

# श्री मैनाघाट सामुदायिक वन उपभोक्ता समूह

**मध्यविन्दु न.पा. वडा नं. १३, नवलपरासी(ब.सु.पू.)**

च.नं.:
पत्र संख्याः

मितिः२०८३/०२/०१

विषय : सिलवन्दी बोलपत्रद्धारा वन पैदावार (काठ /दाउरा) लिलाम विक्रीको सूचना ।
(सौर्य दैनिक पत्रिकामा दोस्रो प्रकाशित मिति २०८३/०१/३१ गते )

४. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

५. बोलपत्रसाथ कवोल गरेको सकार रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको नेपाल बैंक, चोरमारा शाखामा रहेको खाता नं. ३१८००१०७७६१०९९००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस समुहको नाममा खिचिएको बैंक ड्राफ्ट वा ६ महिना अवधीको बैंक जमानत पत्र मध्ये कुनै एक समावेश हुनुपर्नेछ । बैंक ड्राफ्ट वा जमानतको मिश्रण र नगद धरौटीलाई मान्यता दिईनेछैन ।

६. लिलाम बढाबढ हुने वन पैदावार यस समुहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिईनेछ । टिपेक्स लगारएर सच्चाएको तथा केरमेट गरी पुनः लेखिएको बोलपत्र मान्य हुनेछैन ।

८. सिलवन्दी बोलपत्रमा लाहा छाप लगाईएको हुनु पर्नेछ । लाहा छापभित्र पर्ने गरी स्टिच लगाउन पाईने छैन ।

९. श्री डिभिजन वन कार्यालय नवलपुरमा दर्ता भएका सिलवन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम् संख्या र रितपूर्क दर्ता भएका बोलपत्रहरु यस समुहको कार्यालयमा प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा नीजको प्रतिनीधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

१०. बोलपत्र खोल्ने बारेको सूचना यस समुहको कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ ।

११. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरिद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख हुनुपर्नेछ ।

१२. लिलाम स्विकृति भएको जानकारी कार्यालयको सूचनापाटीमा प्रकाशित गरिनेछ । सोको जानकारी लिने दायित्व बोलपत्र दाताको रहनेछ । बोलपत्र स्विकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले ४५ दिनभित्र सकार गरेको रकम निर्धारित मु.अ. कर, अग्रिम आयकर र संकलन खर्च बुझाई वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

१३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित निकायमा सुरक्षित रहनेछ ।

# श्री दुराडाँडा सामुदायिक वन उपभोक्ता समूह

गैंडाकोट न.पा.-३,भाँक्रोफाँट, नवलपरासी (व.सु.पू.)

**विषय : बोलपत्रद्वारा वन पैदावार (काठ/दाउरा) लिलाम बिक्रीको सूचना ।**

(दोस्रोपटक सूचना प्रकाशित मिति २०८३/०२/०४ )

यस दुराडाँडा सा.व.उ.स.को वनबाट आ.व.२०८१/०८२ र आ.व.२०८२/०८३ मा स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई सामुदायिक वन घाटगद्दीमा लट बनाई राखिएको साल गोलिया काठ थान २७६ को परिमाण १९०५.४ क्यू.फि.,साल चिरान थान १६५ को २७४.३१ क्यू.फि. र साल १ चट्टा दाउरा जे जस्तो अवस्थामा छ , सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम उधोगको रुपमा दर्ता तथा नविकरण भएका वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचिकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उधोगले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र डिभिजन वन कार्यालय नवलपुर वा यस कार्यालयमा सिलबन्दी बोलपत्र खरिद गरी १६ औं दिन दिनको कार्यालय समय भित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारी एवं सूचनाको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क गर्नु हुन सूचित गरिन्छ

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरण :**

| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (घ.फि. /चट्टा) | प्रति ईकाई मूल्य रु. | न्यूनतम मूल्यांकन रकम रु. | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | साल | गोलिया | ए. | १९ | २७७.९८ | १२५०.०० | ३४७४७५ | संकलन खर्च प्रति क्यु.फि रु २१० थप लाग्नेछ । | |
| | | | बी | ४२ | ३९६.१९ | ९००.०० | ३५६५७१ | | |
| | | | सी. | ६० | ३१२.२४ | ६००.०० | १८७३४४ | | |
| | | साल गो. जम्मा | | १२१ | ९८६.४२ | | ८९१३९० | | |
| | साल | दाउरा | | | १ चट्टा | १२०००.०० | १२,००० | संकलन खर्च प्रति चट्टा रु १८००० थप लाग्नेछ | |
| | लट नं. १ को जम्मा न्यूनतम मूल्यांकन रकम रु: : | | | | | | ९,०३,३९० | | |
| २ | साल | गोलिया | ए | १३ | १८२.६१ | १२५०.०० | २२८२६२.५ | संकलन खर्च प्रति क्यु.फि रु २१० थप लाग्नेछ । | |
| | | | बी | ३८ | २८६.५७ | ९००.०० | २५७९१३ | | |
| | | | सी | १०४ | ४४९.८६ | ६००.०० | २६९९१६ | | |
| | | साल गो. जम्मा | | १५५ | ९१९.०३ | | ७५६०९१.५ | | |
| | साल | चिरान | ए. | १६५ | २७४.३१ घ.फि.को गोलिया आयतन ३८४.०३४ घ.फि. | १२५०.०० | ४८००४२.५ | संकलन खर्च प्रति क्यु.फि रु ६५० थप लाग्नेछ । | |
| | लट नं. २ को जम्मा न्यूनतम मूल्यांकन रकम रु: | | | | | | १२,३६,१३४ | | |

२. **बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :**

क) बोलपत्र खरिद गर्ने **अन्तिम मिति: २०८३/०२/१८** गते **समय:** कार्यालय समय भित्र ।

ख) बोलपत्र दाखिला गर्ने **अन्तिम मिति: २०८३/०२/१९** गते **समय:** कार्यालय समय भित्र सम्म ।

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

घ) बोलपत्र खरिद तथा दाखिला गर्ने स्थान: श्री दुराडाँडा सा.व.उ.स. को कार्यालय, गैंडाकोट न.पा.०३, नवलपरासी (व.सु.पू.) र डिभिजन वन कार्यालय, नवलपुर ।

# श्री दुराडाँडा सामुदायिक वन उपभोक्ता समूह
गैंडाकोट न.पा.-३,भोक्रोफाँट, नवलपरासी (व.सु.पू.)

---

३. बोलपत्र साथ धरौटी वापत कबोल गरेको रकमको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, नारायणगढ शाखामा रहेको खाता नं. १६२०१००००१६५८००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ६ महिना म्याद रहेको सक्कलै बैंक जमानत पत्र समावेश हुनु पर्नेछ । नगद धरौटीलाई मान्यता दिईनेछैन ।

४. बोलपत्र फारम लट नं.१ को रु १,०००।- र लट न. २ को रु २,०००।- (पछि फिर्ता नहुने गरी) यस सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालय, नवलपुरवाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक स:मिल, कम्पनी वा फर्मवाट प्रोप्राइटरले नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि करदर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर(PAN)दर्ता प्रमाणपत्रको प्रतिलिपी र वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत भएको प्रमाणपत्र समेत बोलपत्र साथ पेश गर्नुपर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण तथा अद्यावधिक भएको हुनु पर्नेछ ।

७. बोलपत्र खरिद गर्दा लट अनुसार छुट्टाछुट्टै बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र दाखिला गर्नु पर्ने छ र शिलबन्दी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्ने छ ।

८. श्री डिभिजन वन कार्यालय, नवलपुरमा दर्ता भएका शिलबन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम संख्या र रीतपूर्वक दर्ता भएका बोलपत्रहरु यस समूहको कार्यालयमा प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

९. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति **२०८३/०२/२१** गते दिनको ११:३० बजे साक्षीहरुको रोहवरमा खोलिने छ । यो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ ।

१०. लिलाम स्वकित भई जानकारी प्राप्त भएको ४५ दिन भित्र साकार गरेको रकम तथा निर्धारीत मूल्यअभिबृद्धि कर, संकलन खर्च छुट्टै वुझाई लिलाममा चढाएको वनपैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

११. बोलपत्रमा साकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराको हकमा प्रचलित ऐन, नियम र सामुदायिक वनको वन पैदावार संकलन तथा विकी वितरण निर्देशिका, २०७१ बमोजिम हुनेछ ।